श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४६ सालको ऐन नं. २७

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ऐन, २०३१ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ऐन, २०३१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान (पहिलो संशोधन) ऐन, २०४६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ऐन, २०३१ को दफा ८ मा संशोधनः नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ऐन, २०३१ (यसपछि "मूल ऐन" भनिएको) को दफा ८ को उपदफा (१) को खण्ड (ठ) पछि देहायका खण्ड (ठ१), (ठ२), (ठ३) र (ठ४) थपिएका छन् :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
६०९

"(ठ१) उप-कुलपति, महेन्द्र संस्कृत विश्वविद्यालय – सदस्य

(ठ२) उप-कुलपति, नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान – सदस्य

(ठ३) शिक्षा तथा संस्कृति सहायक मन्त्री – सदस्य

(ठ४) सभापति, राष्ट्रिय पञ्चायत सामाजिक समिति – सदस्य"

३. मूल ऐनको दफा ११ मा संशोधनः मूल ऐनको दफा ११ को उपदफा (१) को,–

(१) खण्ड (च) र (ज) को सट्टा देहायका खण्ड (च) र (ज) राखिएका छन्:–

"(च) प्रमुख, नेपाल तथा एशियाली अनुसन्धान केन्द्र – सदस्य

(ज) प्रतिनिधि, नेपाल ललितकला संस्था – सदस्य"

(२) खण्ड (ज) पछि देहायको खण्ड (ज१) थपिएको छः–

"(ज१) सदस्य-सचिव, नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान – सदस्य"

४. मूल ऐनको दफा १२ मा संशोधनः मूल ऐनको दफा १२ को उपदफा (१) को,–

(१) खण्ड (क) र (ख) को सट्टा देहायका खण्ड (क) र (ख) राखिएका छन्:–

"(क) लोक सेवा आयोगको अध्यक्ष वा निजले तोकेको लोक सेवा आयोगको सदस्य – अध्यक्ष

(ख) रजिष्ट्रार, त्रिभुवन विश्वविद्यालय – सदस्य"

(२) खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छः–

"(ख१) रजिष्ट्रार, महेन्द्र संस्कृत विश्वविद्यालय – सदस्य"

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

लालमोहर सदर मितिः– २०४६।७।११।६



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।